# फोस्टर केयरमा स्वागत छ

## हेरचाह गर्ने तपाईंको परिवारले बच्चालाई नयाँ जीवन दिन्छ

### फोस्टर केयर

फोस्टर केयरले 18 वर्ष भन्दा कम उमेरका बच्चाहरू जसका अभिभावकहरूले विशेष पारिवारिक परिस्थितिहरूको कारण उनीहरूको पूर्ण रुपले देखभाल गर्न सक्दैनन्, उनीहरुका लागि आवासीय पारिवारिक हेरचाह प्रदान गर्दछ, ताकि उनीहरूलाई आफ्नो परिवारसँग पुन:मिलन नभएसम्म, पारिवारिक जीवनको आनन्द लिन, धर्मपुत्रको रुपमा परिवारमा सम्मिलित हुन वा स्वतन्त्र रूपमा बाँच्न सक्नेछन् ।

फोस्टर केयर (आपतकालिन) ले 18 वर्ष भन्दा कम उमेरका बच्चाहरूको लागि तत्काल र छोटो अवधिको आवासीय पारिवारिक हेरचाह प्रदान गर्दछ, जसका आमाबाबुले आपतकालिन वा संकटकालिन अवस्थाको कारण उनीहरूको हेरचाह गर्न सक्दैनन्। हेरचाहको अवधि छ हप्ता भन्दा बढि हुनु हुँदैन।

### तपाईंलाई फोस्टर प्यारेन्ट बन्न हार्दिक आमन्त्रण गरिएको छ

हेरचाह गर्ने र सहयोगको लागि इच्छुक व्यक्तिहरूलाई फोस्टर प्यारेन्ट बन्न र फोस्टर बच्चाहरूलाई उनीहरूको परिवारका सदस्यहरूको साथ एक स्वैच्छिक आधारमा आवासीय पारिवारिक हेरचाह प्रदान गर्न हार्दिक आमन्त्रण गरिन्छ। केवल छोटो अवधि / राहत सेवाहरू प्रदान गर्न सक्ने इच्छुक व्यक्तिहरूलाई पनि आवेदन दिन स्वागत गरिन्छ ।

फोस्टर केयरमा उनीहरूको सहभागिताको कदर गर्न फोस्टर प्यारेन्टहरुले, सेवाको प्रकार र उनीहरूले देखभाल गरिरहेका बच्चाको अवस्था अनुरुप, उपयुक्त भए अनुसार निम्न फोस्टर केयर भत्ता (सबै करबाट छुट) प्राप्त गर्न सक्छन्:

- फोस्टर बालबच्चाहरूको दैनिक खर्चहरू बेहोर्ने फोस्टर बच्चाहरूको लागि निर्वाह अनुदान;

- फोस्टर केयरमा फोस्टर प्यारेन्टहरुको स्वैच्छिक सहाभागितालाई प्रोत्साहित गर्न फोस्टर प्यारेन्टहरुलाई प्रोत्साहन भुक्तान वा (आपतकालिन) प्रोत्साहन भुक्तान;

- फोस्टर बच्चाको नयाँ भर्ना गर्दा लाग्ने अतिरिक्त खर्चहरु बेहोर्न फोस्टर बच्चाका लागि सेटिंग -अप अनुदान (वान-अफ / एक पटकको लागि प्रदान गरिने) पालन पोषण गर्ने परिवारमा फोस्टर बच्चा एक महिना बसेपछि यो अनुदान वितरण गरिनेछ [फोस्टर केयर (आपतकालिन) र छोटो-अवधि / राहत सेवाहरुमा लागु हुनेछैन];

- तीन वर्ष मुनिका विशेष आवश्यकता भएका बच्चाहरु, वा हल्का बौद्धिक अशक्तता/ एकनासले ध्यान केन्द्रित गर्न नसक्ने/ हाईपरएक्टिभिटि डिसअर्डर(धेरै चन्चले बच्चा)/ अटिजम स्पेक्ट्रम / विशेषगरी पढ्नलेख्नमा कठिनाइ हुने (डिस्लेक्सिया, विकास समन्वय विकार)बच्चाको पालनपोषणको निम्ति अतिरिक्त प्रोत्साहन भुक्तान [फोस्टर केयर (आपतकालिन)मा लागु हुँदैन]।

**आदर्श फोस्टर प्यारेन्ट सँग निम्न हुनुपर्दछ:**

- बालबच्चा मन पराउने, बाल हेरचाहमा अनुभाव र क्षमता भएका
- बच्चाहरूको लागि पर्याप्त हेरचाह योजनाहरू
- शिशु पालनपोषण र बच्चाहरू[1] को पालनपोषण गर्न उचित आचरण र कौशलहरू
- प्राथमिक शिक्षा मानक वा माथि
- राम्रो स्वास्थ्य र स्थिर भावना
- सुखी पारिवारिक जीवन र स्थिर जीवन
- स्थिर वित्तीय अवस्था, जस्तै पर्याप्त आय भएको, बचत वा डिस्पोजेबल सम्पत्तिहरू
- सफा, स्वच्छ तथा बस्नको लागि सुरक्षित वातावरण, जहाँ झ्यालमा ग्रिलहरुको प्रावधान भएको वा झ्याल खोल्नको लागि सुरक्षित रुपमा जडान गरिएको उपकरणहरु ,सुरक्षित भान्छाको आवश्यकता अनुपालन गरेको, र कौसीमा सुरक्षित उपकरणहरु (यदि कुनै), आदि जडान गरिएको सहित ।

✦ पर्याप्त बस्ने स्थान,फोस्टर बच्चाहरुको लागि अलग बेडहरु र गतिविधि गर्ने ठाउँको व्यवस्था सहित

✦ फोस्टर केयर सर्भिसमा भाग लिनको लागि सबै परिवारका सदस्यहरूको सहमति

✦ सामाजिक कार्यकर्ताहरु द्वारा अनुसन्धान र निर्देशन स्वीकार गर्न इच्छुक [माथिका सर्तहरूको बारेमा सोधपुछका लागि, कृपया समाज कल्याण विभाग (SWD) को सेन्ट्रल फोस्टर केयर युनिट लाई कल गर्नुहोस्]

**फोस्टर प्यारेन्ट बन्नको लागि आवेदन प्रक्रियाहरू**

1. प्रारम्भिक मुल्यांकनका लागि आवेदकहरूले SWD को सेन्ट्रल फोस्टर केयर युनिट मा सम्पर्क राख्नुपर्दछ र फोस्टर केयर सर्भिसको ब्रीफिंग सत्रमा भाग लिनु पर्छ।
2. आवेदकहरूले आपराधिक रेकर्ड जाँच गर्नु पर्दछ ।
3. फोस्टर प्यारेन्ट बन्न योग्य हुन आवेदनकले मेडिकल परीक्षण पार गर्नु पर्ने हुन्छ साथै विस्तृत तथा पूर्ण रुपमा गृह अध्ययनको मूल्यांकन गर्नु पर्दछ । मूल्यांकनमा समावेश, आवेदकको व्यक्तित्व, चासोहरु, जीवनको अनुभव, वैवाहिक सम्बन्ध, रोजगारी, वित्तीय अवस्था, बस्ने वातावरण, अभिभावकीय आचरण र क्षमता, फोस्टर बालबच्चाहरुको विकासमा आवश्यकता पर्ने हरेचाहको व्यवस्थापन पूरा गर्न; फोस्टर केयर सर्भिसमा सहभागिता बारे उनीहरुको परिवार सदस्यहरुको दृष्टिकोण; र दुई वा बढी सिफारिसकर्ताको तर्फबाट टिप्पणीहरु आदि, मा मात्र सिमित छैन । आवेदकहरुले मूल्यांकनको क्रममा सम्बन्धित कागजातहरु उपलब्ध गर्नु पर्नेछ।
4. आवेदकहरुले फोस्टर केयरमा सेवा-पूर्व प्रशिक्षण कार्यशालामा भाग लिनु पर्नेछ।
5. गृह अध्ययनको मूल्यांकनमा सफल भएपछि, आवेदकहरुले बालबच्चाहरुको सर्वोत्तम हितको निम्ति अनुकूल प्रक्रियामा सामाजिक कार्यकर्ताहरुसँग पूर्ण रुपमा सहकार्य गर्नुपर्छ।

यदि तपाईं फोस्टर प्यारेन्ट हुन चाहानुहुन्छ भने कृपया SWD को सेन्ट्रल फोस्टर केयर युनिटको भर्ना गर्ने कार्यकर्तालाई सम्पर्क गर्नुहोस् वा SWD को वेबसाइट (www.swd.gov.hk) हेर्नुहोस्।

| | |
|---|---|
| टेलिफोन नम्बर: | 2573 2282 |
| फ्याक्स नम्बर: | 2573 2120 |
| पत्राचार ठेगाना: | Room 2202, Southorn Centre, 130 Hennessy Road, Wan Chai, Hong Kong |
| इ- मेल ठेगाना: | cfcuenq@swd.gov.hk |

---

1 SWD को सेन्ट्रल फोस्टर केयर युनिट र फोस्टर केयर सर्भिस संचालन गरिरहेका गैर -सरकारी संगठनहरुले नियमित रुपमा फोस्टर प्यारेन्टहरुलाई बाल हेरचाह तथा अभिभावकीय शिक्षामा उनीहरुको ज्ञान र सीप वृद्धि गर्न प्रासंगिक प्रशिक्षण प्रदान गर्दछ ।

2 झ्यालको ग्रिलहरु (लुवरहरूको लागि ग्रिल सहित) यस्तो तरिकाले जडान गर्नुपर्नेछ कि झ्यालको फ्रेम र ग्रिल बीचको अन्तर 4 इन्च भन्दा बढी नहोस्। यदि भवनको आपसी सम्झौता अनुसार झ्यालमा ग्रिल जडान गर्ने अनुमति छैन भने, सुरक्षित रुपमा झ्याल खोल्न मिल्ने उपकरणहरू जडान गर्नुहोस् जँहा झ्याल खोल्दा त्यसको चौडाइ 4 इन्च भन्दा बढी नहोस्।

3 बालबच्चाहरुलाई भान्छामा प्रवेश गर्नबाट रोक्न, भान्छाको ढोका सँधै बन्द गर्नुपर्ने हुन्छ वा भान्छाको प्रवेशद्वारमा सुरक्षा ढोका राख्नु पर्दछ ।

4 बालकनीको ढोकामा ताला लगाएको हुनुपर्दछ। ढोकामा ताला खोल्न मिल्ने उपकरणहरु वा अन्य सुरक्षित उपकरणहरु पनि जडान गर्न सकिन्छ जब ढोका खोल्दा त्यसको चौडाई 4 इन्च भन्दा बढी नहोस् ।